**बैठक संख्या ३९** **मिति २०७६।०६।१६**

आज मिति २०७६।०६।१६ गतेका दिन दिउसो ७.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

<u>उपस्थिति</u>

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला गुरुङ | गा.पा. उपाध्यक्ष |
| ३ श्री रमेश सुवेदी | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७. श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरु | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरु | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल (लेखा अधिकृत)
श्री गोविन्द प्रसाद पौडेल
श्री राम प्रसाद सापकोटा

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या ३९

मितिः २०७६।०६।१५

प्रस्तावहरु

१) समीक्षा , ..........................................................................

२) खेल मैदान लिजमा लिने सम्बन्धमा

३) भैपरी शिर्षकवाट खर्च गर्ने सम्बन्धमा

४) सामुदायिक वन सम्बन्धमा

५) गाउँपालिकाको भवन निर्माण सम्बन्धमा

६) डिजिटलाईज्ड गाउँ बस्तुगत विवरण निर्माण सम्बन्धमा

७) नदी घाटवाट उत्खनन् परिमाण सम्बन्धमा

८) निजी जग्गावाट माटो,ढुंगा,ग्रावेल उत्खनन् कार्यविधि तर्जुमा सम्बन्धमा

९) प्रेश सल्लाहकार सम्बन्धमा

१०) सुत्केरी तलवी विदा र खर्च सम्बन्धमा कर्मचारी सेवा सुविधा कार्यविधि संशोधन

११) एक वडा एक माउ विद्यालय ( Mother School ) तोक्ने सम्बन्धमा

१२) गाउँपालिका स्तरीय एक वडा एक नमूना वडा तोक्ने सम्बन्धमा

१३) प्रहरी चौकीलाई मौला पूजा सहयोग सम्बन्धमा

निर्णयहरु

१) गत वैठकमा भएको निर्णयको प्रगति तथा अन्य विषयमा समीक्षा गरियो ।

२) अर्को व्यवस्था नभए सम्मको लागी वडा नं. ५ मा खेल मैदान प्रयोजनको लागी उपयुक्त स्थानमा जग्गा लिजमा लिनको लागी खेलकुद समितिलाई वार्षिक रु. ५५०००। एकमुष्ठ अनुदान दिने र त्यसको व्यवस्थापन गाउँपालिका खेलकुद समितिले गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण बहादुर थापा
अध्यक्ष

दुर्गा बहादुर थापा
अध्यक्ष

३) आ.व. २०७६।७७ को लागी योजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजनन गर्ने क्रममा छुट भएका तर सम्पन्न नगरी नहुने तपशिलका योजना तथा कार्यक्रमा भैपरी शिर्षकवाट खर्च गर्ने गरी तपसिल अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.श. | योजना तथा कार्यक्रम | विनियोजन रकम |
|---|---|---|
| १ | सिद्ध महाकाली मा.वि., गौरीटार, वडा नं. ५ लाई भुवनटार घाट गत वर्षको ठेक्का रकम मध्येवाट अनुदान रकम | ६०००००। |
| २ | ५ नं वडा कार्यालयको शौचालय निर्माण सम्पन्न गर्न | ३९७०९। |
| ३ | वडा नं. ५, को उपयुक्त स्थानमा खेल मैदान प्रयोजनको लागी जग्गा लिजमा लिई खेलकुद कार्यक्रम संचालन गर्न गाउँपालिका स्तरीय खेलकुद समितिलाई अनुदान | ५५०००। |
| ४ | प्राविधिक शिक्षाको लागी छात्रवृत्ति कार्यक्रम | ८००००। |
| ५ | वडा नं. ५ को देवघाट धार्मिक क्षेत्र समेत समेती विस्तृत परियोजना प्रतिवेदन तयारी | ८५००००। |
| ६ | बडा नं. ५, बस पार्क निर्माण तथा सो स्थल देखी पूर्व तिरको खोल्सा पूर्ने काम | २०००००। |
| ७ | देवघाट धर्मार्थ अस्पातालमा प्रयोगशाला (ल्याव) तथा ल्याव सामान व्यवस्थापनमा थप | ५०००००। |
| ८ | न्यायिक समिति तथा मेलमिलापकर्ता व्यवस्थापन तथा परिचानल | ५०००००। |
| ९ | लागत ईष्टिमेटको आधारमा सवै वडाहरुको नागरिक सेवा केन्द्र निर्माण तथा मर्मत संभार र संचालन सामाग्री तथा जनशक्ती खर्च | ५००००। |
| १० | वाटो मर्मतका लागी मर्मत संभार कोष | १००००००। |
| ११ | गाउँपालिकाको आधारभूत डिजिटल बस्तुगत विवरण निर्माण,अभिलेख र व्यवस्थापन | १३०००००। |
| १२ | विभिन्न ठाउँमा सडक वत्ति जडान | १०००००। |
| १३ | वडा नं. ४, सिङ्च्याङ्ग पार्लाङ्ग सडक, वडा नं. ५, भर्जनखोला खेलमैदान, दास ढुङ्गा पार्क, मधु कवर्ड हल, र सवै वडाहरुका खानेपानी योजना, सिंचाई योजना, पार्क लगायतका अन्य आवश्यक योजना आवश्यक ठाँउमा आवश्यकता अनुसार प्रारम्भिक वातावरणीय परीक्षण र विस्तृत परियोजना प्रतिवेदन र आयोजना सम्भाव्यता अध्ययन प्रतिवेदन तथा कूल लागत अनुमान तयारी | १९०००००। |
| १४ | चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. २९ र आँवुखैरहनी गाउँपालिका जोड्ने घुमाउनेघाट पुलमा जानको लागी पुल वारी पट्टी मोटरसाईकल जाने वाटो मर्मत,रेलिङ्ग तथा ढलान गर्ने | ३०००००। |
| १५ | बसन्तपुर खेल मैदान वडा नं. ५ | २००००। |
| १६ | देउती खोला खर्क मूल खानेपानी भवन | ३५००००। |
| १७ | वडा नं. १, माझ चौतारो मर्मत | ९५०००। |
| १८ | सवै वडाहरुमा हेलिप्याड निर्माण,मर्मत, चिन्ह निर्माण | ४०००० |
| १९ | स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रम तथा शिविर संचालन तथा व्यवस्थापनन | ३०००००। |
| | जम्मा | ८६६४७०९। |

४) सामुदायिक वनले गाउँपालिकामा लेखा परिक्षण रिपोर्ट र गाउँपालिकालाई नाफा/ कारोवारको १० प्रतिशत रकम नबुझाएसम्म वडा र गाउँपालिकावाट दिनु पर्ने सिफारिस र अन्य सुविधा रोक्ने निर्णय गरियो ।

५) गाउँपालिकाको भवन निर्माण गर्नको लागी गाउँपालिकाको नाममा जग्गा नरहेकोले देवघाट ५ क्यूदी ( जहाँ गाउँपालिकावट सिटी हल निर्माणाधिन रहेकोछ ) भन्ने स्थानमा रहेको करिव २५ रोपनी सार्वजनिक जग्गा देवघाट गाउँपालिकाको नाममा कायम

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

गरिदिनको लागी सम्बन्धित निकाय हुँदै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा समेत लेखी पठाएकोमा हाल सम्म पनि उक्त जग्गा गाउँपालिकाको नाममा कायम नभएकोले उक्त जग्गा गाउँपालिकाको नाममा कायम नभए पनि उक्त सार्वजनिक जग्गामा गाउँपालिकाको भवन निर्माणको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

६) गाउँपालिकाको आधारभुत वस्तुगत विवरण (प्रोफाईल) तयारीको क्रममा विभिन्न वडाहरुमा घर धुरी सर्वेक्षण गरी तथ्याङ्क संकलन गरि निर्माण गर्न लागिएकोमा मन्त्रालयले तयार गरेको गाईडलाईन अनुसारको ढाँचामा तयार गर्न तथ्याङ्क अपुग भई अपूर्ण वस्तुगत विवरण (प्रोफाईल) तयार भएकोले मन्त्रालयले तयार गरेको गाईडलाईन अनुसारको ढाँचामा तयार गर्न तथ्याङ्क आवश्यक पर्ने हुँदा तथा वस्तुगत विवरण (प्रोफाईल) समय समयमा विवरण परिवर्तन सँग सँगै वस्तुगत विवरण (प्रोफाईल) पनि सोही अनुसार परिवर्तन गर्नको लागी पुनः जि.पि.एस.( GPS ) सहित डिजिटलाईज्ड गाउँ बस्तुगत विवरण निर्माण गर्ने निर्णय गरियो ।

७) गत वर्ष आई.ई.ई. पास भएको र यस आ.व.मा पनि सोही आई.ई.ई.लाई म्याद थप गर्ने जिल्ला समन्वय समितिको निर्णय भए बमोजिम आई.ई.ई.मा उल्लेखित परिमाण तथा यस वर्ष बढेको अनुमान समेतलाई मध्येनजर गरी उपयुक्ततताको आधारमा देवघाट गाउँपालिका क्षेत्र भित्र रहेका तपसिल अनुसारका नदी घाटवाट तपसिल अनुसारको परिमाण उत्खनन् गर्ने निर्णय गरियो ।

| | गत आ.व. मा ठेक्का लागेको | | वडा | उत्खनन् गर्ने परिमाण |
|---|---|---|---|---|
| १ | त्रिशुली | भुवनटार | ५ | ३०,००० |
| २ | त्रिशुली | सेतीभतेरी | ५ | १०,००० |
| ३ | कालीगण्डकी | कालीभतेरी | ५ | ३०,००० |
| ४ | कालीगण्डकी | सांढेवगर | ५ | ३०,००० |
| ५ | सेती | डाल्दीघाट ३ | ३ | ४,५०० |
| ६ | सेती | साराङघाट | ३ | १,००० |
| | गत आ.व. मा ठेक्का नलागेको | | | |
| १ | सेती | मास्दीघाट १ | २ | ५,००० |
| २ | सेती | मास्दीघाट २ | २ | १,००० |
| ३ | सेती | डाल्दीघाट २ | ३ | ८,००० |
| ४ | कालीगण्डकी | दरंगघाट | २ | १,००० |
| ५ | कालीगण्डकी | चिन्डेखोला दोभान घाट | २ | २,००० |
| ६ | कालीगण्डकी | छेरांगा खोला घाट | २ | १,००० |
| ७ | कालीगण्डकी | वालुवा स्वांरा घाट | १ | ७,००० |
| ८ | कालीगण्डकी | कोटी घाट | १ | ३,००० |
| ९ | कालीगण्डकी | वर्षाखोला कालिकाटार घाट | १ | ४,००० |
| १० | कालीगण्डकी | सिद्धिखोला घाट १ | १ | ९,००० |
| ११ | कालीगण्डकी | सिद्धिखोला घाट २ | १ | ९०० |
| १२ | कालीगण्डकी | चांपखोला घाट | १ | ३,००० |

८) निजी जग्गावाट माटो,ढुंगा,ग्रावेल उत्खनन् कार्यविधि तर्जुमा गर्ने निर्णय गरियो ।

कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

९) गाउँपालिकालाई सूचना तथा संचार , पत्रपत्रिमा प्रकाशन गरिने समाचार तथा सूचना र वेवसाईटमा र पत्रिकामा प्रकाशन गरिने प्रेश विज्ञप्ती, विभिन्न विषयका जिंगल लगायतका विषयमा सल्लाह सुझाव दिनको लागी मासिक रु. १००००। ( दश हजार ) भुक्तानी गर्ने गरी देवघाट , ५ का आषिक रानालाई आ.व. २०७५।७६ को लागी प्रेश सल्लाहकारमा नियुक्ती गर्ने निर्णय गरियो ।

१०) कर्मचारीको सुविधा सम्बन्धी कार्यविधि, २०७५ मा संशोधन गरी कार्यविधि नं. १९ पछि यो कार्यविधि लागू भए पछि अथवा २०७५।०३।०७ देखि लागु हुने गरी देहायका प्रावधान १९ (क) थप गरिएको छ ।

११ (क) सुत्केरी विदा र खर्च: स्थायी कर्मचारीले प्रचलित कानून अनुसारको सुविधा पाउने छन् । कम्तिमा पनि ६ महिना करारमा काम गर्ने कर्मचारीलाई पनि तपसिल अनुसारको सुविधा दिईनेछ ।

क) महिला कर्मचारीलाई सुत्केरी हुने अघि पछि गरेर ९० दिन तलवी सुत्केरी विदा दिने ।

ख) महिला कर्मचारीलाई सुत्केरी खर्च वापत रु. ५०००। नगद भुक्तानी दिने ।

११) एक वडा एक माउ विद्यालय ( Mother School ) तोक्ने सम्बन्धमा तपसिल अनुसारका वडाहरुमा तपसिल अनुसारका विद्यालयहरुलाई माउ विद्यालय ( Mother School ) तोक्ने निर्णय गरियो ।

१) वडा नं. १ श्री पार्वती मा.वि. कोटा

२) वडा नं. २ श्री आदर्श मा.वि. खाल्टे

३) वडा नं. ३ श्री भृकुटी मा.वि.साराङ्गघाट

४) वडा नं. ४ श्री राष्ट्रिय आधारभूत विद्यालय काफलडाँडा

५) वडा नं. ५ श्री कालिका मा.वि. देवघाट

१२) वडा कार्यालयको सिफासिसमा गाउँपालिका स्तरीय एक वडा एक नमुना गाउँ (टोल) तोक्ने निर्णय गरियो ।

१३) वडा दशैं २०७६ को उपलक्ष्यमा हतियार तथा मौला पूज गर्नको लागी इलाका प्रहरी चौकी देवघाटलाई रु. १००००। (दश हजार) र प्रहरी चौकी खाल्टेलाई रु. ५०००। ( पाँच हजार) भुक्तानी दिने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष